**नेपाल राष्ट्र बैंक**

**मुद्रा व्यवस्थापन विभागको**

**नेपाली नोटहरुमा लेख्न वा कोर्न नहुने सम्बन्धी**

**सार्वजनिक सूचना**

यस बैंकले नोट राष्ट्रको सम्पत्ति हो, यसको हिफाजत गरौं र नोटमा जथाभावी केरमेट नगरौं भनी सार्वजनिक सूचना तथा जानकारीहरु प्रकाशन तथा प्रशारण गर्दै आइरहेको व्यहोरा सबैमा जानकारी नै छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद-२२, मुद्रा सम्बन्धी कसूर अन्तर्गतको दफा २६३ मा बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने व्यवस्था अन्तर्गत उपदफा (१) मा अधिकार प्राप्त अधिकारीको आदेश बिना कसैले मुद्राको रुपमा ग्राह्य भएको बैंक नोट वा सिक्कालाई जलाउन वा त्यसलाई काम नलाग्ने गरी गाल्न वा च्यात्न हुँदैन भन्ने व्यवस्था भएको । सोही दफाको उपदफा (२) मा कसैले बैंक नोटमा लेख्न वा कोर्न हुँदैन र उपदफा (३) मा उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयासम्म जरिबाना हुनेछ भन्ने व्यवस्था भएको हुँदा उपरोक्त कानुनी व्यवस्थाहरुका सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(लक्ष्मीप्रपन्न निरौला)
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैंकको वेभसाइट www.nrb.org.np मा प्रकाशन गरिएको मिति : २०७५/४/२३